# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १३/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः २०७८/११/३०

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत, सचिव | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रितः**

| | | |
|---|---|---|
| **अधिकृत छैठौं** | **श्री चुडामणी निरौला** | **उपस्थित** |
| **सहायक चौथो** | **श्री सौजन कटुवाल** | **उपस्थित** |

**अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/११/३० गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

(१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धि कार्यविधि, २०७८ को दफा ९ को उपदफा (३) बमोजिम वडा नं ६, ८, ९, १० र ११ को विवरण प्रविष्टिकरणको आधारमा प्राप्त विवरण बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
साथै, भूमीहीन दलित, सुकुम्वासी तथा अव्यववस्थित बसोवासी सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको सुविधा सम्बन्धि मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो ।

(३) अर्जुनधारा नगरपालिकाबाट प्रस्तावित एकिकृत विपद् व्यवस्थापन केन्द्र, औद्योगिक ग्राम तथा सामुदायिक बौद्ध गुम्बा निर्माणका लागि जग्गा प्राप्ति गर्ने भन्ने नगर कार्यपालिकाको विगतका निर्णय बमोजिम जग्गा उपभोगको स्वीकृतिका लागि प्रक्रिया रहेकोमा ती संरचनाहरु बन्ने जग्गाहरुको उपभोग सहमति तथा स्वीकृतिका लागि राष्ट्रिय भूमी आयोगको जिल्ला समिति झापा मार्फत स्वीकृतिको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(४) अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको मदन आश्रित पार्क पूर्वाधार निर्माणका लागि १ नं प्रदेश सरकारबाट विनियोजित बजेट रु १० लाख कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गरी आवश्यक कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(५) अर्जुनधारा नगरपालिका वडा नं ९ मा रहेको शनिश्चरे अस्पतालमा रहेको स्वास्थ्य विमा फार्मेशी सञ्चालनका लागि रमेश फार्मेशीसँग गत आर्थिक वर्षमा सम्झौता भई सञ्चालनमा रहेकोमा सम्झौताको म्याद २०७८ माघ मसान्तसम्म रहेको र सम्झौताको अवधि समापन भएकाले सो सम्बन्धमा राय प्रतिवेदन दिन गठित समितिको सिफारिस समेतका आधारमा २०७९ साल आषाढ मसान्त सम्मका लागि साविकमा सम्झौता गरिएको रकममा १० प्रतिशतले वृद्धि गरी हुन आउने रकमलाई मासिक भाग गरी कायम हुने भाडादर अनुसार फार्मेसी सञ्चालनका लागि साविककै रमेश फार्मेशीसँग भाडा सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(६) चालु आर्थिक वर्ष २०७८/०७९ को नेपाल सरकारको विशेष अनुदानबाट अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको महारानीगञ्ज माध्यमिक विद्यालय र जुनकिरी आधारभुत विद्यालयमा ४ कोठे भवन निर्माणका लागि बजेट विनियोजन भई सोको कार्यान्वयनका लागि ठेक्का बन्दोवस्त हुँदा न्यून रकममा ठेक्का कबोल भई बजेट बाँकी रहेको र महारानीगञ्ज माध्यमिक विद्यालयमा विद्यार्थीका लागि शौचालयको असुविधा रहेकाले शौचालय निर्माणका लागि बजेट समेत माग भई आएकाले उक्त बाँकी रहेको रकम रु महारानीगञ्ज माध्यमिक विद्यालयमा शौचालय निर्माणका लागि विनियोजन गर्ने निर्णय गरियो ।

(७) चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं ११ का विभिन्न सडक कालोपत्रे गर्नका लागि विनियोजित बजेटबाट सडक कालोपत्रे गर्न ठेक्का बन्दोवस्त हुँदा न्यून रकममा ठेक्का कबोल भई बाँकी रहेको रकमबाट अर्जुनधारा नगरपालिका वडा नं ११ मै रहेको शान्ती मार्ग कालोपत्रे गर्नका लागि विनियोजन गर्ने निर्णय गरियो ।

(८) अर्जुनधारा नगरपालिका वडा नं ३ मा रहेको श्री जनता माध्यमिक विद्यालयमा विद्यालय कर्मचारीको रुपमा विगत २८ वर्षदेखि कार्यरत कर्मचारी श्री बलबहादुर पुरी र वडा नं ५ मा रहेको श्री भानु माध्यमिक विद्यलयमा विगत ३४ देखि कार्यरत विद्यालय कर्मचारी श्री गञ्जबहादुर बुढाथोकी उमेर हदका कारण अनिवार्य अवकाशमा रहनु भएको र निज कर्मचारीहरु विद्यालयको अस्थायी सेवामा कार्यरत रहेका अवकाश पश्चात कुनै सुविधा प्राप्त नगर्नु भएकाले निजहरुको लामो सेवालाई उच्च मूल्याङ्कन गर्दै जनही रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिकाका विद्यालय, स्वास्थ्य संस्था तथा अन्तर्गतका अन्य कार्यालयहरुमा लामो समयदेखि अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीहरु अवकाश हुँदा निजको अवकाश पश्चातको सामाजिक सुरक्षाका लागि हुन सक्ने विकल्पहरुको अध्ययन गरी उपयुक्त कार्यविधि निर्माण गरी पेश गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(९) पोषण मैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८७ को दफा २१ बमोजिम अर्जुनधारा नगरपालिकाको पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियोः

| | |
|---|---|
| नगर प्रमुख श्री हरिकुमार राना | अध्यक्ष |
| उप प्रमुख श्री कमला खतिवडा आचार्य | उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत श्री गीताकुमारी राई | सदस्य |
| सबै वडा अध्यक्षहरु | सदस्य |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग राई | सदस्य |
| कार्यपालिका सदस्य श्री दिलमाया दास | सदस्य |
| कार्यपालिका सदस्य श्री दिलिप गुरुङ्ग | सदस्य |
| योजना शाखा प्रमुख श्री हिमराज सेडाई | सदस्य |
| स्वास्थ्य, कृषि,पशुपंक्षी विकास, खानेपानी, महिला बालबालिका, शिक्षा, वाणिज्य र आपूर्ती र सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा/इकाईका प्रमुख | सदस्य |
| उद्योग वाणिज्य संघ प्रतिनिधि श्री वसन्त सोमानी | सदस्य |
| गैंरसरकारी संस्था महासंघ प्रतिनिधि श्री केशब बराल | सदस्य |
| सामाजिका विकास शाखा प्रमुख श्री राजविक्रम खड्का | सदस्य सचिव |

(१०) अर्जुनधारा नगरपालिकाको नगर सभाको दशौं नियमित अधिवेशनबाट प्राप्त अख्तियारी बमोजिम आगामी नगर सभाबाट समर्थन हुने गरी चालु आर्थिक वर्ष २०७८/०७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सम्बन्धित वडा कार्यालय तथा विषयगत शाखाको सिफारिस बमोजिम अनुसुचि १ बमोजिमका बजेट तथा कार्यक्रम रकमान्तर गर्ने निर्णय गरियो ।

(११) यस अर्जुनधारा नगरपालिकाको कार्यालयमा विभिन्न समूह तथा संस्थाबाट विभिन्न योजनाका लागि रकम माग गरी प्राप्त माग निवेदन बमोजिम स्थलगत रुपमा अनुगमन हुँदा तत्काल सम्पन्न गर्नुपर्ने देखिएका अनुसुचि २ बमोजिमका आयोजनाहरुमा चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमको उपयुक्त रकम विनियोजन गर्ने निर्णय गरियो ।

(१२) यस नगरपालिकाबाट नदीजन्य पदार्थ उत्खनन तथा व्यस्थापनका लागि आइइ गरी तोकिएको क्षेत्रमा ठेक्का बन्दोवस्त भएकोमा तोकिएको क्षेत्र भन्दा बाहिरबाट अनाधिकृत रुपमा उत्खनन गरी ओसार पसार गरिएको भेटिएमा देहाय बमोजिम जरिवाना गर्ने तथा त्यसरी अनाधिकृत उत्खनन तथा ओसार पसार गर्ने सवारी साधन पक्राउ गर्ने सुरक्षाकर्मीलाई जरिवाना रकमको ४० प्रतिशत रकमले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| टयाक्टर | रु ५००० |
| ट्रिपर | रु १०००० |
| हाइवा | रु १५००० |

(१३) अर्जुनधारा नगरपालिका शनिश्चरे अस्पतालमा आवश्यक १ जना सह लेखापाल पदको सेवा करारका लागि जनशक्ति छनौट गर्नका लागि आर्थिक वर्ष २०७७/०७८ मा विज्ञापन प्रकाशन भएकोमा तत्कालिन अवस्थामा कोभिड संक्रमणका कारण पदपूर्तीको कार्यक्रम सञ्चालन हुन नसकेकाले पहिले आवेदन दिएका आवेदकले पुनः दस्तुर बुझाउनु नपर्ने गरी पुनः विज्ञापन प्रकाशन गरी सहलेखापाल तथा शनिश्चरे अस्पतालको आन्तरिक आयबाट तलबभत्ता प्राप्त गर्ने गरी माग भएको स्वास्थ्यकर्मीहरुको पदपूर्तीको प्रक्रिया सञ्चालन गर्ने निर्णय गरियो ।

(१४) आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालित कार्यालयको ठेक्का नं AM/NCB/WORKS/11-077-078 Construction of Blacktop Road in Ward No 5,6,11 को पेश भए अनुसारको भेरिएसन रकम रु ४,७१,६०२.०६ समपुरक कोषबाट व्यहोर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

(१५) अर्जुनधारा नगरपालिकाबाट वडा नं ३ मा निर्माण गरिएको सामूहिक आवाश हाल खाली रहेको उक्त सामूहिक आवाशमा रहेको १५ वटा घरमा रहने विपन्न वर्गका परिवार वडा नं २ र ३ को कार्यालयले सिफारिस गरी पठाए बमोजिम कार्यालयबाट आवश्यक निर्णय गरी उपलब्ध गराउने निर्णय गरियो ।

(१६) अर्जुनधारा नगरपालिबाट वडा नं ८ नयाँ बजारमा निर्माण गरिएका व्यवसायिक सटर तथा वडा नं ३ मा निर्माण गरिएको व्यवसायिक सटरमा राजश्व परामर्श समितिबाट निर्धारण भएको भाडादर बमोजिम व्यवसायीलाई भाडामा लगाउनका लागि नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधि,२०७५ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(१७) अर्जुनधारा नगरपालिकाका विभिन्न स्थानहरुमा तारजाली आवश्यक भई माग भएकाले विपद व्यवस्थान कोषबाट खर्च लेख्ने गरी रु ५ लाखको तारजाली खरिद गरी आवश्यक ठाउँमा वितरण गर्ने निर्णय गरियो ।

(१८) अर्जुनधारा नगरपालिका वडा नं १ मा पर्ने बिरिङ्ग खोलाबाट सृजना भएका प्रकोप न्यूनिकरणका लागि चेक ड्याम निर्माण गर्नु आवश्यक रहेको र सोको लागि नगरपालिकाबाट डिपिआर समेत तयार भई सकेकोले उक्त चेक ड्याम निर्माणका लागि बजेट व्यवस्था हुन नेपाल सरकारसमक्ष अर्जुनधारा नगरपालिकाका नगर प्रमुखज्यूको एवं बुद्धशान्ति गाउँपालिकाका अध्यक्षको नेतृत्व एवं नगरपालिकाको समन्वय र व्यवस्थापनमा स्थानीय राजनैतिक दलका प्रतिनिधि, प्रभावित क्षेत्रका जनप्रतिनिधि एवं अगुवा समेतको एक टोली नेपाल सरकारका विभिन्न निकायमा डेलिगेसन जाने निर्णय गरियो ।डेलिगेसनमा जाँदा हुने खर्चको व्यवस्थापन दुवै स्थानीय तहले साझेदारीमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

(१९) मिति २०७८/११/१२ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकार बमोजिम सम्पादन गर्नुपर्ने कार्यका लागि शिक्षा शाखालाई नियमानुसार आवश्यक व्यवस्था हुन निर्देशन दिएकोमा सो सँग सम्बन्धित माग निवेदन एवं प्रस्तावहरुलाई नगर शिक्षा समितिको बैठकबाट आवश्यक निर्णय गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

(२०) कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६ को उपदफा (४) बमोजिम वडा कार्यालयबाट सिफारिस भई आएका कार्यविधिले तोकेको मापदण्ड बमोजिमका लाभग्राहीहरुको अन्तिम सूची दफा ६ को उपदफा (५) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

(२१) अर्जुनधारा नगरपलिकाको कर्मचारीको सेवा शर्त तथा सुविधा सम्बन्धि ऐन, २०७८ उपर आवश्यक राय परामर्शका लागि प्रदेश लोक सेवा आयोग, १ नं प्रदेशमा पठाउने र राय तथा सुझाव प्राप्त भएपश्चातलाई सोलाई समायोजना गरी ऐन कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

(२२) अर्जुनधारा नगरपालिकाबाट प्रस्तावित औद्योगिक ग्राम तथा सामुदायिक बौद्ध भवन, वडा नं २ को निर्माणका लागि आवश्यक आइइ प्रतिवेदन तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(२३) चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रम, दशौं नगर सभा, विभिन्न मितिको कार्यपालिकाको बैठकबाट बजेट विनियोजन भई हाल सम्म सम्झौता नभएका आयोजनाहरु सञ्चालनका लागि कार्यालयसँग सम्झौता गर्न यस अघिको कार्यपालिकाको बैठकबाट तोकिएको अवधि थप गरी मिति २०७८ चैत्र १० गतेसम्मका लागि समयसिमा तोक्ने निर्णय गरियो ।

(२४) अर्जुनधारा नगरपालिकाले विगत ५ वर्षमा हासिल गरेको प्रगति विवरण समेटिएको बुलेटिन, हाल सम्म तर्जुमा गरिएका ऐन, नियमावली, कार्यविधिहरुको संग्रह मिति २०७८/१२/१८ गते नगरपालिकामा एक कार्यक्रम आयोजना गरी सार्वजनिकिकरण गर्ने निर्णय गरियो । सोको आवश्यक तयारीका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(२५) अर्जुनधारा नगरपालिका वडा नं ३ कैदले सर्वेश्वर धाम झापाका लागि प्रदेश सरकारको पर्यटन पूर्वाधार विकास आयोजना कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु २१ लाख बमोजिमका आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गरी कार्य सम्पादन गर्ने निर्णय गरियो ।

अनुसुचि १ (निर्णय नं १० सँग सम्बन्धित)

| साविक कार्यक्रम | क्षेत्र | बजेट | संशोधित कार्यक्रम | बजेट |
|---|---|---|---|---|
| स्वास्थ्य कार्यालय एनालाइजर मेसिन खरिद, | वडा नं ३ | २५०००० | जुकेखाडी स्वास्थ्य इकाइ केन्द्र भवन निर्माण | ४५०००० |
| शैक्षिक भ्रमण | वडा नं ३ | २३०००० | जुकेखाडी सा.व. साझेदारीमा २ थान इनार जडान रु १६०००० र सा व मा सेतो समेना खरिद रु ७०००० | २३०००० |
| मान भक्त श्रेष्ठको घर पूर्व कल्भर्ट तथा बाटो मर्मत | वडा नं ३ | ८००००० | मान भक्त श्रेष्ठको घर पूर्व प्लम्ब निर्माण तथा बाटो मर्मत | ८००००० |
| बिउविजन खरिद | वडा नं ३ | २००००० | टिकाराम काफ्लेको घरछेउ इनार जडान रु १२५००० र योगेन्द्र लिम्बुको घर छेउ इनार जडान रु ७५००० | २००००० |
| कटहरे खोल्सीमा मुहान मर्मत (२०७८/११/१२ को का पा बैठकको निर्णयबाट विनियोजित) | वडा नं ३ | ३००००० | गैरी गाउँ मुहान मर्मत २००००० र थापा गाउँ मुहान मर्मत १००००० | ३००००० |
| वडा नं ७ र ८ मा सार्वजनिक शौचालय निर्माण | नगर स्तरीय | १५००००० | रेडक्रश पश्चिम राधाकृष्ण मन्दिर हुँदै रामपथ जाने बाटो कालोपत्रे रु ३ लाख, वडा कार्यालय पश्चिम कैलासघाट जाने बाटो कालोपत्रे रु २ लाख, दाहाल चौक पूर्व विल्डकन फ्याक्ट्री जाने बाटो कालोपत्रे रु ५ लाख | १०००००० |
| नदीजन्य पदार्थ उत्खनन हुने स्थानमा तारजाली तथा तटबन्धन | नगर स्तरीय | २५००००० | वडा नं १ मा कफर ड्याम निर्माण | १०००००० |
| युवा लक्षित, डकर्मी तालिम,नेतृत्व विकास तालिम,क | नगर स्तरीय | ५००००० | ह्युमपाइप खरिद | १५००००० |
| ह्युम पाइप खरिद | वडा नं ७ | २००००० | भेषबहादुर राई वडा नं ११ आवाश निर्माण १ लाख, टेकबहादुर मगर र वृखबहादुर मगरको आवाश निर्माण थप रकम रु १ लाख ५० हजार लाख | २५०००० |
| खानेपानी व्यवस्थापन | वडा नं ७ | ३००००० | जुकेखाडी सा व उ स पश्चिम ठाडो बाटो स्तरोन्नतिका लागि थप बजेट | १५०००० |
| | | | दीपक तिम्सिनाको घर छेउमा देवीथान होलीमा बक्स कल्भर्ट निर्माण | ४००००० |
| | | | पुष्पलाल मार्गमा प्लम्ब निर्माण वडा नं ७ | ४००००० |
| | | | खानेपानी व्यवस्थापन वडा नं ७ | १००००० |
| जम्मा | | ६७८०००० | जम्मा | ६७८०००० |

अनुसुचि २ (निर्णय नं ११ सँग सम्बन्धित)

| क्र.सं | योजनाको नाम | रकम |
|---|---|---|
| १ | ग्रामिण सेवा समुदाय क्लबको छत ढलान, वडा नं ६ | १५०००० |
| २ | गोपाल चुडालको घर अगाडीको बाटो स्तरोन्नति, वडा नं ६ | २००००० |
| ३ | पुल चौकबाट छाता चौक जाने कालोपत्रे सडक मर्मत, वडा नं ६ | १५०००० |
| ४ | हर्क सुसेलिङ्ग को घर छेउ बगरे टोलमा  इनार निर्माण, वडा नं २ | १००००० |
| ५ | तिनपैनीमा प्लम्ब निर्माण, वडा नं ११ | २००००० |
| ६ | टाङटिङ कैदलेमा स्पर निर्माण | ९००००० |
| ७ | महेन्द्र प्रसाईको घर छेउ बाटोमा प्लम्ब निर्माण, वडा नं ११ | १५०००० |
| ८ | कैदले पर्यापर्यटन योजना, वडा नं ३ | १०००००० |
| ९ | प्रगति मार्ग बाटो मर्मत, वडा नं ३ | १००००० |
| १० | देवी मैनालीको घर अगाडीको बाटोमा प्लम्ब निर्माणका लागि थप बजेट, वडा नं ६ | ५०००० |
| ११ | खबतरी कुल मन्दिर निर्माण, वडा नं ९ | ५०००० |
| | | ३०५०००० |